अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा सुशासन तथा व्यवस्थापन समितिका श्री रबिन्द्र सिंह बोहराले प्रस्तुत गर्नु भएको

# गाउँ कार्यपालिका बैठकका निर्णय अनुमोदन सम्बन्धी प्रतिवेदन

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

# परिच्छेद-१

## परिचय

## १.१ पृष्ठभूमी

अपिहिमाल गाउँपालिका जननिर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने स्थानीय तह हो । यस गाउँपालिकामा ६ वडा कार्यालयहरु रहेका छन । यस गाउँपालिकाको ३२ सदस्यीय गाउँ सभा र १४ सदस्यीय गाउँ कार्यपालिका रहने व्यवस्था रहेको छ । गाउँ सभामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष सहित वडामा जनताबाट निर्वाचित १ जना दलित महिला सदस्य, १ जना महिला सदस्य, २ जना अन्य सदस्य र १ जना वडा अध्यक्ष एवं २ जना गाउँ सभाबाट निर्वाचित दलित तथा अल्पसंख्यक सदस्य रहने व्यवस्था रहेको छ । न्यायिक, विधायिकी र कार्यकारिणी अधिकार सम्पन्न गाउँ सभाको बैठक वर्षमा कम्तीमा २ पटक बस्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । सामान्यतया बर्खे सभालाई बजेट सभाको रुपमा र हिउँदे सभालाई विधेयक सभाको रुपमा कार्यान्वयन गरिएको छ । कार्यपालिकाको बैठक मासिक रुपमा कम्तिमा एउटा र आवश्यकता अनुसार बस्ने प्रावधान गरिएको छ । गाउँ सभा एवं कार्यपालिकाले गर्ने निर्णयहरुको कार्यान्वयन एवं दैनिक प्रशासन संचालनको लागि प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा स्थानीय तहका कर्मचारीहरु कार्यरत रहेका छन । सोही अनुरुप मासिक रुपमा कार्यपालिका बैठकबाट भएका निर्णयहरु लाई बर्खे गाउँ सभा बाट अनुमोदन गर्ने व्यवस्था भएको हुँदा २०७९ श्रावण देखि हाल सम्मका गाउँ कार्यपालिका बैठकका निर्णयहरु गाउँ सभाबाट अनुमोदन गर्न यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ २०७९ श्रावण देखि हाल सम्म भएका गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| महिना | बैठक संख्याः | बैठक मितिः | कार्यपालिकाबाट निर्णय भएका प्रस्तावको विवरण |
|---|---|---|---|
| २०७९ श्रावण | ०१ | २०७९/०४/१० | १. सडकको बहुबर्षिय ठेक्का सम्बन्धमा ।<br>२. खेल मैदान निर्माण योजना माग गर्ने सम्बन्धमा ।<br>३. औद्योगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।<br>४. खण्डेश्वरी मा.वि.क्षेत्तीको गुरुयोजना निर्माणका लागि परामर्शदाता छनौट सम्बन्धमा । |

| | | | |
|---|---|---|---|
| | | | ५. सडकको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धमा<br>६. मतदान केन्द्र थप गर्ने सम्बन्धमा ।<br>७. गाँपालिकाको वार्षिक प्रगति समिक्षा सम्बन्धमा ।<br>८. कर्मचारीहरुको वार्षिक कार्य सम्पादन सम्झौता सम्बन्धमा<br>९. ICT ल्याव व्यवस्थापन र महादेव मा.वि.घुसाको रकम सम्बन्धमा ।<br>१०. कर्मचारी भर्ना सम्बन्धमा ।<br>११. विविध । |
| | ०२ | २०७९/०४/२५ | १. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत योजना छनौट सम्बन्धमा ।<br>२. शाखागत वार्षिक कार्य योजना अनुमोदन सम्वन्धमा।<br>३. विविध सम्बन्धमा । |
| २०७९ भाद्र | ०३ | २०७९/०५/२८ | १. गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन सम्बन्धमा ।<br>२. खानेपानी सरसफाई तथा स्वच्छता (WASH) व्यवस्थापन समिति गठन सम्बन्धमा ।<br>३. नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा ।<br>४. नवप्रवर्तन साझेदारी कार्यक्रम प्रतिवद्धता सम्बन्धमा ।<br>५. नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।<br>६. विद्युत्तिय संरचना निर्माणको रकम सम्बन्धमा ।<br>७. बाँजो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम प्रस्तावना सम्बन्धमा ।<br>८. बाँजो तथा उपयोगममा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि प्रतिवद्धता सम्बन्धमा ।<br>९. विविध । |

| | | | |
|---|---|---|---|
| | | | |
| २०७९ असोज | ०४ | २०७९/०६/३१ | १. कर्मचारीको म्याद थप सम्बन्धमा ।<br>२. ठेक्का सम्बन्धमा ।<br>३. विविध सम्बन्धमा । |
| २०७९ कार्तिक | ०५ | २०७९/०७/१५ | १. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।<br>२. मकरी गाड हाइड्रो पावर प्रा.लि बाट EIAबापतको रकम माग सम्बन्धमा । |
| २०७९ मंसिर | ०६ | २०७९/०८/१९ | १. संघीय विशेष तर्फको बजेट तथा कार्यक्रम सम्बन्धमा ।<br>२. शर्सत अनुदान तर्फको बजेट तथा कार्यक्रम सम्बन्धमा ।<br>३. विभिन्न कार्यविधि सम्बन्धमा ।<br>४. कर्मचारी भर्ना सम्बन्धमा ।<br>५. खाद्यान्न डिपो सम्बन्धमा ।<br>६. नि.प्रमुख प्रशासकीय अधिकृत लाई धन्यवाद ज्ञापन सम्बन्धमा<br>७. विविध । |
| २०७९ पौष | ०७ | २०७९/०९/२१ | १. कार्यविधि तथा निर्देशिका सम्बन्धमा ।<br>२. संघीय विशेष तथा समपुरक योजना सम्बन्धमा ।<br>३. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।<br>४. हिउँदे गाउँसभा सम्बन्धमा ।<br>५. विविध । |
| २०७९ माघ | ०८ | २०७९/१०/१३ | १. कार्यविधि सम्बन्धमा ।<br>२. ऐन सम्बन्धमा ।<br>३. विविध । |
| | | | १. अर्गानिक अपिहिमाल कार्यक्रम संचालन सम्बन्धमा। |

| | | | |
|---|---|---|---|
| २०७९ फागुन | ०९ | २०७९/११/०४ | २. जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डका लागि थप बजेट माग सम्बन्धमा ।<br>३. १५ वर्षे प्रदेश कृषि रणनीतिका आधारमा योजना तथा कार्यक्रम छनौट तथा माग सम्बन्धमा ।<br>४. भू-उपयोग कार्यान्वयन सम्बन्धमा ।<br>५. विज्ञान प्रयोगशाला तथा व्यवस्थापन सम्बन्धमा।<br>६. सुरक्षित नागरिक आवास कार्यक्रम संचालन सम्बन्धमा ।<br>७. राजस्व सुधार कार्ययोजना स्वीकृत सम्बन्धमा ।<br>८. झोलुङ्गे पुल माग सम्बन्धमा ।<br>९. पकेट क्षेत्र सम्वन्धी कार्यक्रम माग सम्बन्धमा।<br>१०. कर्मचारी थप प्रोत्साहन भत्ता सम्बन्धमा ।<br>११. आवधिक योजना स्वीकृत सम्बन्धमा ।<br>१२. अध्यक्ष रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।<br>१३. विविध |
| २०७९ चैत्र | १० | २०७९/१२/२८ | १. प्रदेश विशेष तथा समपुरक अनुदानका लागि योजना माग सम्बन्धमा ।<br>२. नियमावली, कार्यविधि तथा आचारसंहिता स्वीकृत सम्बन्धमा ।<br>३. डि.पी.आर स्वीकृत तथा भुक्तानी सम्बन्धमा ।<br>४. कृषि तथा पशु पन्छी शाखा अन्तरगतका संघीय विशेष र सशर्त अनुदान कार्यक्रम सम्बन्धमा ।<br>५. योजनाहरुको भुक्तानी सम्बन्धमा ।<br>६. संघ तथा प्रदेश अन्तरगतका मन्त्रालयहरुसंग योजना तथा कार्यक्रम माग सम्बन्धमा ।<br>७. चौकिबगड नौगाड जोड्ने सडक (ठेक्काको भुक्तानी सम्बन्धमा)<br>८. शौर्य उर्जा जडान सम्बन्धमा । |
| | | | १. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि लाभग्राही छनौट सम्बन्धमा<br>२. गरिब परिचय पत्र वितरण सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| २०७९ चैत्र | ११ | २०८०/१२/२९ | ३. स्थानीय द्रुत प्रतिकार्य समिति गठन सम्बन्धमा<br>४. नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना समन्वय समिति गठन सम्बन्धमा<br>५. कोशेली घर संचालन सम्बन्धमा<br>६. घरभाडा रकम सम्बन्धमा<br>७. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा<br>८. कक्षा थप सम्बन्धमा<br>९. पाठयोजना तथा कार्यपुस्तिका कार्यक्रमका लागि विद्यालय छनौट सम्बन्धमा<br>१०. राष्ट्रिपति रनिङशिल्ड प्रतियोगितामा स्वर्ण र रजत प्राप्त गर्ने विद्यार्थिहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा ।<br>११. गाउँपालिका क्षेत्र भित्रका वन नविकरण सम्वन्धमा<br>१२. राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रमको खाना,नास्ता र ढुवानी वापतको रकम सम्बन्धमा<br>१३. वडा नं. ६ फिल्ड, सिडी सहित पि.सि.सि निर्माण योजनाको वजेट व्यवस्थापन सम्बन्धमा<br>१४. खेलकुद विकास कार्यक्रम सम्बन्धमा<br>१५. पालिका स्तरिय भू-उपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा<br>१६. खण्डेश्वरी वर्थिङ सेन्टरका लागि सामग्री खरिद सम्बन्धमा<br>१७. पुनःवोलपत्र आह्वान सम्वन्धमा<br>१८. औद्योगिक ग्राम निर्माणको ठेक्का सम्बन्धमा<br>१९. शुर्मभवानी आ.वि. थुम्ती बहुउद्धेश्य फिल्ड निर्माणको भुक्तानी सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | | | २०. पर्यटकीय पदमार्गको जग्गा विवाद सम्बन्धमा<br>२१. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा<br>२२. ठेक्काको म्याद थप सम्बन्धमा<br>२३. अपि आधार शिविर पदमार्गको स्थलगत तथ्यांक संकलन जिपिएस नक्सांकन तथा २D Plating सम्बन्धमा |
| २०८० वैशाख | १२ | २०८०/०१/२७ | १. नियमावली, कार्यविधि स्वीकृत ।<br>२. अपिवेश क्याम्प भ्रमण सप्ताह व्यवस्थापन रकम भुक्तानी सम्बन्धमा ।<br>३. पर्यटकीय पूर्वाधार निर्माण सम्बन्धमा ।<br>४. कृषि तथा पशुपन्छी तर्फको कृषयोग्य बाँझो जमिनमा उत्पादन प्रवर्धन कार्यक्रम सम्बन्धमा।<br>५. विविध |
| २०८० जेठ | १३ | २०८०/०२/३० | १. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा<br>२. गाउँ सभाको १६ औ अधिवेशन बोलाउने सम्बन्धमा ।<br>३. आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।<br>४. कार्यविधि स्वीकृत सम्बन्धमा ।<br>५. शिक्षक दरवन्दी मिलान प्रतिवेदन स्वीकृति सम्बन्धमा ।<br>६. विविध<br>(क) अहेव को विज्ञापन स्वीकृति सम्बन्धमा।<br>(ख) जग्गाको मूल्यांकन सम्बन्धमा ।<br>(ग) आर्थिक सहायता सम्बन्धमा । |

| | | | |
|---|---|---|---|
| | | | (घ) प्रशासकीय भवनको म्याद थप सम्बन्धमा ।<br>(ङ) सिद्धमकरीकोट देखि खण्डेश्वरी अपिवेश क्याम्प पर्यटकीय पदमार्गको म्याद नथपन्ने सम्बन्धमा ।<br>(च) लेटर प्याडको प्रयोग सम्बन्धमा ।<br>(छ) सिद्धकोट सिडिबाटोको रेलिङ रंगरोगन खानेपानी र शौचालय मर्मत सम्बन्धमा ।<br>(ज) न्यायिक समितिको कार्यक्रम सम्बन्धमा ।<br>(झ) कृषि सामग्री वितरण सम्बन्धमा ।<br>(ञ) लम्कीस्किन रोग सम्बन्धी औषधि व्यवस्थापन सम्बन्धमा ।<br>(ट) तामाखानी भगवती आ.वि. को कक्षाकोठ पाटिशन सम्बन्धमा ।<br>(ठ) वडा विभाजन सम्बन्धमा ।<br>(ड) मज्जेखोला लघु जलविद्युत आयोजनाको भुक्तानि सम्बन्धमा । |
| २०८० असार | १४ | २०८०/०३/०९ | १. गाउँ सभामा पेश हुने प्रस्तावको स्वीकृति सम्बन्धमा ।<br>२. कार्यविधि स्वीकृति सम्बन्धमा ।<br>३. विविध<br>(क) १० शैयाको अस्पतालको ठेक्काको म्याद थप सम्बन्धमा ।<br>(ख) आर्थिक सहायता सम्बन्धमा । |

## परिच्छेद-२
## सुझाव तथा निष्कर्ष

### २.१ सुझाव

आर्थिक वर्ष २०८९/०८० को श्रावण महिना देखि असार सम्म गाउँ कार्यपालिका बैठकबाट भएका नीतिगत निर्णय, कार्यपालिकाको बैठकबाट निर्णय भई दिइएका भुक्तानी, गाउँ कार्यपालिकाको निर्णयबाट कार्यान्वयन भएका नयाँ योजना तथा विकास र विभिन्न कार्यक्रम कार्यान्वयन सम्बन्धी भएका निर्णयहरूको अनुमोदन सम्बन्धी प्रस्ताव गाउँ सभाको १६औं अधिवेशको बैठकबाट हुनु पर्ने ।

### २.२ निष्कर्ष

कार्यपालिकाको बैठक मासिक रुपमा कम्तिमा एउटा र आवश्यकता अनुसार बस्ने प्रावधान अनुसार यस अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक २०७९ श्रावण महिनामा २ पटक बसी १४ वटा प्रस्ताव, भाद्र महिनामा १ पटक बसी ९ वटा प्रस्ताव, असोज महिनामा १ पटक बसी ३ वटा प्रस्ताव, कार्तिक महिनामा १ पटक बसी २ वटा प्रस्ताव, मंसिर महिनामा १ पटक बसी ७ वटा प्रस्ताव, पौष महिनामा १ पटक बसी ५ वटा प्रस्ताव, माघ महिनामा १ पटक बसी ३ वटा प्रस्ताव, फागुन महिनामा १ पटक बसी १३ वटा प्रस्ताव, चैत्र महिनामा २ पटक बसी ३१ वटा प्रस्ताव र वैशाख महिनामा १ पटक बसी ५ वटा प्रस्ताव माथि छलफल गरी गरिएका निर्णयहरु अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गरिएको छ ।

**प्रतिवेदक**
रबिन्द्र सिंह बोहरा
सुशासन तथा संस्थागत विकास
समिति संयोजक
अपिहिमाल गाउँपालिका